कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र सङ्ख्या, मिति र मु.नं. समेत उल्लेख गर्नुहोला।

# सङ्खुवासभा जिल्ला अदालत

चैनपुर

फोन नं. ०२९-५७०१९५,५७०१९६

फ्याक्स ०२९-५७०३७६

Email: account.dcsankhuwasabha@supremecourt.gov.np

कोशी प्रदेश नेपाल

पत्र संख्याः २०८०/०८१

च.नं.-

## घर भाडामा लिने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०।१२।१९

यस संखुवासभा जिल्ला अदालतको स्टोर प्रयोजनार्थ तपसिल बमोजिमको सुविधा भएको घर भाडामा लिनुपर्ने भएकाले घरभाडामा दिन चाहाने इच्छुक घरधनीहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ सात दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट यस अदालतको प्रशासन शाखामा सिलबन्दी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

- कम्तीमा ३ कोठा भएको पक्की घर हुनु पर्नेछ ।
- अदालत भएको स्थानबाट बढीमा १५० मिटर वरिपरि हुनु पर्नेछ ।
- बिजुली, पिउने पानी तथा इन्टरनेटको उचित प्रवन्ध हुनु पर्ने साथै सो को महसुल घरधनी आफैंले भुक्तानी गर्नु पर्ने छ ।
- घरमा आइपर्ने सामान्य किसिमका मर्मत तथा रङरोगन सम्बन्धी काम घरधनी आफैंले सम्पन्न गर्नु पर्नेछ ।
- सुविधा सम्पन्न शौचालय तथा बाथरुमको सुविधा हुनु पर्नेछ ।
- भाडामा दिने घर सम्म पुग्ने मोटर बाटोको सुविधा हुनु पर्नेछ ।
- प्रस्ताव गरिएको भाडामा प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरी बाँकी हुन आउने रकम मासिक रुपमा घर धनीको वैंक खातामा भुक्तानी गरिने छ ।
- जिल्ला घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घर भाडामा लिइनेछ ।
- अन्य आवश्यक कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**घरधनीले पेश गर्नुपर्ने कागजात र निवेदनमा खुलाउनुपर्ने विवरण**

- भाडामा दिने घरको मासिक घरभाडाको दर अंक र अक्षर दुवैमा निवेदनमा स्पष्ट खुलाउनु पर्ने ।
- घरधनीको नागरिकताको प्रमाणपत्रको फोटोकपी ।
- घर रहेको जग्गाको जग्गाधनी प्रमाण पूर्जाको फोटोकपी ।
- जग्गाको चालू आ.व. को तिरो तिरेको रसिद ।

सम्पर्क व्यक्ति र नम्बरः-

नविन कोइराला, ९८४१५५२६५२

२०८०।१२।१९

नविन कोइराला

तहसिलदार